

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १३ गते शनिबार ❑ 30 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सभापतिलाई दोष दिने हैन, आफु कांग्रेस बनाउन लाग्नुहोस् : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कांग्रेस बनाउन नयाँ पुस्ताका नेताहरु परिर्वतन भएर लाग्नुपर्ने बताएका छन् ।

'अब ७८ वर्ष भएका शेरबहादुर देउवा (सभापति जि) लाई परिर्वतन गर्छु र कांग्रेस बनाउँछु भन्ने भन्दा पहिले ५९ वर्षको शुरेन्द्र पाण्डे, ४६ वर्षका गगन थापा र ३८, ४० का अन्य नेता अझै धेरै परिर्वतन हुनुपर्‍यो' शुक्रवार नेपाली कांग्रेस गोरखा नगर समितिले आयोजना गरेको नगर सम्मेलनमा उनले भने । नगर सभापति चन्दनबाबु खत्रीको अध्यक्षतामा भएको सम्मेलनमा बोल्ने नेता कार्यकर्ताहरुले गत (२०७९ बैशाख) को स्थानीय निर्वाचन, टिकट बितरण लगायतको कुरा गरेपछि मुख्यमन्त्री पाण्डेले भने 'अर्को चुनाव आउने बेला भईसक्यो, ३ वर्षपछि अर्को चुनाव हुन्छ, हामी हिजोको टिकट किन छुट्यो भने रोईकराई गरिरहेका छौं, यो कहिलेसम्म गरिरहने ?' यही




रोदनमा हुने हो भने अर्को पटक पनि चुनावको टिकट छुट्न सक्ने बताउँदै उनले आगामी निर्वाचनमा कसरी टिकट लिने र जित्ने भन्ने तर्फ लाग्न सुझाब दिए । 'हिजो भएको हाम्रा कमिकमजोरीलाई 'करेक्सन' गरेर अघि बढ्ने हो' उनले भने । प्रत्यक नेता कार्यकर्तालाई आफु भन्दा माथिल्लो तहका नेताले केही गरेनन् भन्ने लाग्ने गरेको बताउँदै केन्द्रीय सदस्य एवं मुख्यमन्त्री पाण्डेले भने 'आफु मात्र असल देख्ने हाम्रो प्रवृत्ति खराब छ, हरेकले खराब प्रवृत्ति बदल्यौं भने को खराब, को असल भनेर अलमलीनु पर्दैन ।' वडा सभापतिदेखि केन्द्रिय सभापतिसम्मको अधिकार विधानमा लेखिएको बताउँदै उनले हरेक नेता कार्यकर्ताले आफ्नो जिम्मेवारी पुरा गर्ने हो भने कांग्रेसको संगठन सुदृढिकरण र बिस्तार हुने बताए । गाउँघरमा हुने बिकास आयोजनामा सहभागिता जनाउने, नेतृत्व गर्ने, जनतासँगको संम्बाद बाक्लो बनाएमा संगठन बिस्तार गर्न सकिने उनले बताए । गाउँमा रहेका मानिस रोजगारीको अभावले बसाईसर्ने गरेको बताउँदै उनले भने 'गाउँ शहर जता बसेका मानिस भएपनि हामीले उत्पादन र रोजगारीसँग जोड्न सकेनौं भने बढ्दो क्रममा रहेको बसाईसराईको डरलाग्दो स्थिती रोक्न सकिँदैन ।' गण्डकी प्रदेश सरकारले उत्पादनको क्षेत्रमा लगानी बढाईरहेको र त्यसमा सहभागी हुन उनले अनुरोध समेत गरे । प्रदेश सरकारले प्राथमिकताका आधारमा बजेट बिनियोजन गरेको बताउँदै उनले यस वर्षको वार्षिक बिकास कार्यक्रममा ३० लाख भन्दा कमका सडक योजना, १० लाख भन्दा कमका सिंचाई, खानेपानीका योजनामा बजेट बिनियोजन नगरिएको बताए । 'देखिनेगरी बिकास गर्न, सुरु भएका योजना समयमै सम्पन्न गर्न प्राथमिकता र आवश्यकताका आधारमा बजेट बिनियोजन गरिएको छ' उनले भने 'भवन निर्माण जस्ता अनुत्पादक क्षेत्रमा नयाँ योजना छुट्याएका छैनौं, हाम्रो प्राथमिकतामा यो छैन ।' भोटका लागि स-साना टुक्रे योजना, सामुयिक भन्दापनि व्यक्तिगत योजना धेरै आउने गरेको बताउँदै मुख्यमन्त्री पाण्डेले मुख्य, मुख्य योजना छिटो गर्ने नीति प्रदेश सरकारको रहेको बताए ।

## रोटरी क्लब लेकसाइडको अध्यक्षमा शोभकान्त सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

रोटरी क्लब अफ पोखरा लेकसाइडको आठौ पदस्थापनबाट वर्ष २०२३/२४ अध्यक्ष शोभाकान्त सिग्देलले पदभार ग्रहण गरेका छन् ।

प्रमुख अतिथि डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले सिग्देललाई शुक्रबार आयोजित समारोहमा पदभार ग्रहण गराएका हुन् । यस्तै रोटरी क्लव अफ पोखरा लेकसाइडका आइपिपि डा. वीरवहादुर कार्कीले चार्टर सर्टिफिकेट, कलर तथा पिन प्रदान गर्दै सफलताको कामना गरे ।

डिजिएन कोइरालाले आफू क्लबको स्थापनादेखि नै विभिन्न सर्भिस प्रोजेक्टमा नजिक रहेको उल्लेख गर्दै क्लबले विषम परि स्थितिमा पनि गरेका कार्यको उच्च प्रशंसा गरे । रिजन ४ का असिस्टेन्ट गभर्नर ईश्वरप्रसाद कर्माचार्यले नयाँ सदस्यद्धय किशन भण्डारी र आमोद कोइरालालाई सपथ सँगै रोटरी क्लव अफ पोखरा लेकसाइडमा प्रवेश गराए ।

आइपिपि डा. काकीले आफ्नो



कार्यकाल सफल पार्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे । एक वर्षे कार्यकालमा भएका गतिविधि प्रस्तुत गर्दै डा. कार्कील सहयोगीलाई मायाको चिनो प्रदान गरे भने उत्कृष्ट सदस्यको रुपमा मिनवहादुर गुरुङलाई सम्मान गरे ।

प्रमुख अतिथिको परिचय रोटरी क्लव अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष तथा रिजन ४ का असिस्टेन्ट गभर्नर जयराम पौडेलले गरे । वर्ष २०२३/२४ का अध्यक्ष सिग्देलको परिचय मेम्बरसिप चियर सुवास मल्ल गराएका थिए । अध्यक्ष सिग्देलले आफ्नो कार्यकालका लागि क्लब अफ एक्सन प्रस्तुत गर्दै बोर्ड अफ डाइरेक्टरलाई सपथ खुवाए । सो अवसरमा क्लबले प्रकाशन गरेको स्मारिका 'द फेवा' विमोचन गरिएको थियो । स्मारिकामा क्लबको गतिविधि, सदस्य र तिनका परिवारका सदस्यको विस्तृत परिचय समेटिएको क्लब एडिटर सन्तोष पन्तले बताए । कार्यक्रममा स्वागत कार्यक्रम संयोजक एवं प्रेसिडेन्ट इलेक्ट उपेन्द्र अधिकारी, सञ्चालन सचिव विश्वदर्शन पराजुली र धन्यवाद सह सचिव लोकवहादुर गुरुङले गरेका थिए । टोस्ट पस्ताप डिष्ट्रिक्टका राइला कमिटीको चियर एवं एड टु गभर्नर रोजन्द्र लिगलले गरेका थिए । क्लबमा हाल ३७ सदस्य रहेको क्लवका कोषाध्यक्ष राजकुमार अर्यालले पोखरापत्रलाई वताए ।

## मीना सिर्जनशील पत्रकारिता पुरस्कारबाट थापा र पौडेल पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

नेपाल पत्रकार महासङ्घ कास्की शाखामा स्थापित 'मीना सिर्जनशील पत्रकारिता पुरस्कार'बाट पोखराका दुई महिला पत्रकार पुरस्कृत भएका छन् ।

उक्त पुरस्कारबाट बिनुकुमारी थापा 'बिनु' (२०७९) र बालकुमारी पौडेल 'तारा' (२०८०) लाई शुक्रबार एक समारोहका बिच प्रदान गरिएको हो ।

गण्डकी प्रदेश सरकारका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारी, पुरस्कार दाता महिला उद्यमी मीना गुरुङ, महासंघ कास्कीका अध्यक्ष विमल भण्डारी लगायतले पत्रकारद्वयलाई जनही नगद २० हजार एक सय ११ राशि सहित सम्मानपत्र प्रदान गर्नु




भएको हो । कार्यक्रममा बोल्दै मन्त्री अर्यालले प्रदेश सरकारले छिट्टै आमसञ्चार विधेयक ल्याउने बताउनुभयो । "संसदमा पेस भएर छलफलका लागि विषयगत समितिमा गएको छ, समितिमा व्यापक छलफल र सुझाव लिएर आवश्यक परिमार्जनसहित विधेयक पास गर्छौं", उहाँले भन्नुभयो । महिलाका लागि पत्रकारिता पेसालाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको उहाँको भनाई थियो । समाज रूपान्तरणको अभियानमा पत्रकारको अग्रणी भूमिका रहने मन्त्री अर्यालले जनाउनु भयो ।

उक्त पुरस्कार कोष गण्डकी प्रदेशसभाका पूर्वसदस्य तथा महिला उद्यमी मीना गुरुङले स्थापना गर्नुभएको हो । पुरस्कृत पत्रकार थापा पोखरा टेलिभिजन र पौडेल पोखरा सिटी डट कममा आबद्ध हुनुहुन्छ । उक्त पुरस्कार हरेक वर्ष महिला पत्रकारलाई प्रदान गरिँदै आएको छ ।

कार्यक्रममा पुरस्कारका संस्थापिका मीना गुरुङको जन्म दिनको अवसरमा केक समेत काटेर जन्म दिन मनाइएको थियो । कार्यक्रममा पोखरा ७ का वडा अध्यक्ष राममोहन आचार्य, महासंघका पूर्व अध्यक्ष पुण्यप्रसाद पौडेल, उपाध्यक्षद्धय रामप्रसाद तिमिल्सिना, जमुनावर्षा शर्मा, सहसचिव श्रीराम सिग्देल लगायते पत्रकारिताको बिषयमा वोल्नु भएको थियो । उक्त कार्यक्रममा पुरस्कार दाता देखि पुरस्कार प्राप्त गर्ने पुरस्कार अर्पण गर्ने प्रमुख अतिथि र महिलाकै अध्यक्षतामा कार्यक्रम भएको थियो । सायद यस्तो संगोज विरलै हुने गर्दछ ।

## बढ्यो डेङ्गीका बिरामी, अझै एक महिना जोखिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

पछिल्लो समय काठमाडौं महानगरपालिकामा डेङ्गी सङ्क्रमणका बिरामी बढेका छन् ।

विगत एक हप्तादेखि कामपाको ३२ वटै वडामा डेङ्गीका बिरामी बढेका कामपा स्वास्थ्य विभागले जानकारी दिएको छ । कामपा स्वास्थ्य सेवा विभागका प्रमुख रामप्रसाद पौडेलका अुसार विगतका वर्षको तुलनामा यस वर्ष असोजको पहिलो सातासम्म डेङ्गीका बिरामी नगन्य मात्रामा थिए तर अहिले विस्तारै बिरामी बढिरहेका छन् ।

डेङ्गी सङ्क्रमण नियन्त्रणका लागि कामपाले यस वर्ष पहिलो पटक बायो लार्भीसाइड औषधि सबै वडाहरूमा छर्केर नियन्त्रण गर्ने प्रयास गरे पनि पछिल्लो समय भने डेङ्गी सङ्क्रमणका बिरामी बढिरहेको प्रमुख पौडेलको भनाइ छ ।

उहाँले भन्नुभयो, "असारको पहिलो सातादेखि नै बायो लार्भीसाइड पानी जमेको स्थानमा छर्केर नियन्त्रण गरिएको थियो, अहिले बिरामी देखिन थालेका छन् यसको जोखिम आगामी कात्तिक १५ गतेसम्म रहन सक्छ, त्यस बेलासम्म सबै सचेत रहन आवश्यक छ ।" असोज पहिलो सातासम्म सबै वडामा सङ्क्रमित शून्यको अवस्थामा रहेका थिए । कामपाको तथ्याङ्कअनुसार अहिले कामपाको विभिन्न वडामा गरी ३५ जना सङ्क्रमित रहेका छन् । "समयमा नै पूर्वतयारी गरिएकाले विगत वर्षको तुलनामा यस वर्ष डेङ्गी सङ्क्रमितको सङ्ख्या भने कम रहेको छ", प्रमुख पौडेलले भन्नुभयो । कामपाको सबै वडामा प्रत्येक हप्ताको बुधबार बिहान ८ बजेदेखि १० बजेसम्म डेङ्गी सार्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## दशैं लक्षित नेपाल राष्ट्र बैंकले नयाँ नोट पठाउदै

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

नेपालीहरुको महान पर्व विजया दशमी पर्वको अवसरमा यस बर्ष पनि नेपाल राष्ट्र बैंकले पोखरा सहितका अन्य क्षेत्रमा नयाँ नोट पठाउन सुरु गरेको छ । यस बर्षको दशैं पर्व अन्य बर्षको तुलनामा केही ढिलो भएकोले यस बर्ष पनि देशै भरी नयाँ नोट पुराउने गरी हाल आन्तरिक व्यबस्थापन सहित केही ठाँउमा नयाँ नोट पठाउन सुरु भएको नेपाल राष्ट्र बैंक मुद्रा विभागका कार्यकारी निर्देशक नरेश शाक्यले बताउनु भयो ।

उहाँले भन्नु भयो "यस बर्ष पनि देशका सबै ठाँउमा नयाँ नोट पुर्‍याउने गरी हामीले आन्तरिक व्यबस्थापनमा लागेका छौं अबको केही दिनमै देशका सातै वटा प्रदेशमा नयाँ नोट पुग्ने छ ।" राष्ट्र बैंकका ७२ वटा नोट कोषमा अबको केही दिनमा नयाँ नोट पुगे पछि आवश्यकताका आधारमा नयाँ नोट वितरण हुने भएको छ । बैंक तथा विक्तिय संघ संस्थाहरुलाई उनीहरुको मागको आधारमा नयाँ नोट वितरण हुने भएको छ ।

नेपाल राष्ट्र बैंकले यस बर्ष अघिल्ला बर्षको तुलनामा नघट्ने गरी नयाँ नोट तयारी अबस्थामा राखेको कार्यकारी निर्देशक शाक्यले हामीलाई बताउनु भयो । यस बर्ष करिब ३० अर्बको नयाँ नोट बजारमा जाने तयारी भएको श्रोतले जनाएको छ । बागमती प्रदेश पछि गण्डकी प्रदेशमा पनि नयाँ नोटको राम्रो माग हुने गरेको बताइन्छ । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्य जोशीले राष्ट्र बैंक केन्द्रको निर्देशनको पर्खाइमा आफुहरु रहेको बताउनु भयो । केन्द्रको निर्देशन आउना साथ आफुहरुले पोखराको कार्यालय सहित यस क्षेत्रका बैंक तथा विक्तिय संघ संस्थाहरुलाई प्राप्त नयाँ नोट र मागका आधारमा वितरणको तयारी गरेको उहाँले बताउनु भयो । सम्भवत आउँदो आइतबार वा सोमबार देखि बजारमा नयाँ नोट सटही हुने श्रोतले जनाएको छ । हाल आफुहरुसंग पहिलो चरणमा वितरणका लागि नयाँ नोट मौज्दात रहेको प्रमुख जोशीले जनाउनु भयो ।

गत बर्ष आम सर्वसाधारणको लागि सानो नोट (५, १०, २०, ५० र १००) का प्रतिच व्यक्ति १८ हजार ५ सय सम्म एक बण्डल सटहीको व्यबस्था गरिएको थियो । सफा नोट नीतिमा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यबस्था गरिएको छ । यदि कसैले बैंक नोट वा सिक्का जलाउने, गाल्ने, च्यात्ने वा बैंक नोटमा लेख्ने गरेमा तीन बर्ष कैद र ३० हजार जरिवाना हुने कानुनि व्यबस्था रहेको छ ।

# ईन्टर कलेज व्याण्ड कम्पिटिसनको फाईनल राउण्डमा ११ कलेज

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज



पोखरामा भईरहेको ईन्टर कलेज व्याण्ड कम्पिटिसनको फाइनल राउण्डमा ११ वटा कलेज छनौट भएका छन्।

पोखरा सांगीतिक कलाकार संघको आयोजनामा पोखराको नयाबजारस्थित प्रदर्शनी केन्द्रैमा शुक्रबारदेखि शुरु भएको प्रतियोगिताको फाइनल राउण्डमा ११ वटा कलेज छनौट भएका हुन्। प्रतियोगिताको फाईनल राउण्ड शनिबार हुनेछ। फाईनल राउण्ड पूर्वाह्न ११ बजेदेखि शुरु हुने जनाइएको छ। प्रतियोगिताको फाइनल राउण्डमा मदरल्याण्ड मावि, प्रतिभा मावि 'सी', सगरमाथा मावि, कुमुदिनी होम्स, लाभेन्ज बोर्डिङ स्कुल, ईन्फोमेटिक्स कलेज, ग्लोवल कलेजियट, पोखरा एकेडेमी, लिङ्कन कलेज, प्रगती बोर्डिङ स्कुल 'बी' र कालिका मावि छनौट भएको पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङ भाईले जानकारी दिए।

शुक्रबार भएको सेमीफाइनल राउण्डबाट भद्रकाली मावि, कुमुदिनी होम्स, कान्तिपुर कलेज, प्रतिभा मावि ए र बी, प्रगती बोर्डिङ स्कुल ए, न्यू ग्यालेक्सी, डायमण्ड मावि, पश्चिमाञ्चल मावि प्रतिष्पर्धाबाट बाहिरिएका छन्। यसअघि शुक्रबारदेखि शुरु भएको प्रतियोगिताको गण्डकी प्रदेश सभा सदस्य तथा पूर्व मन्त्री विन्दुकुमार थापाले उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा बोल्दै प्रदेश सांसद थापाले राज्यले कला र संगीतको क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यक्ता औंल्याए। संगीत जीवनको लागि अति उपयोगी कुरा हो,उनले भने,'तर राज्यले लगानी नगर्दा यो क्षेत्र पछाडि पर्‍यो।' कला र संगीतमा शक्ति हुने भन्दै यसलाई विद्यालय स्तरबाटै विकास गर्न सके अन्तराष्ट्रिय क्षेत्रमासमेत आफ्नो उपस्थिति देखाउन सकिने उनको भनाई थियो। उनले राज्य र शिक्षा क्षेत्र सम्बद्ध संघसंस्थाहरुले गर्नुपर्ने कार्यक्रम पोखरेली कलाकार संघले गरेर संगीतप्रति विद्यालय, विद्यार्थी, अभिभावक र राज्यको ध्यानाकृष्ट गर्न सफल भएकोसमेत बताए।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपती सूर्य खड्का बिखर्चीले संगीत विश्वको भाषा भएकाले यसको महत्व र प्रभाव सबैभन्दा बढी हुने बताए। त्यसैले कला र संगीतको उन्नयन र विकासमा राज्यले ध्यान दिनुपर्ने उनको भनाई थियो। राज्यले कान खोलेर सूनोस्,उनले भने,'संगीत शिक्षाका लागि अपरिहार्य छ। त्यसैले राज्यले लगानी बढाओस्।'

पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले ईन्टर कलेज व्याण्ड कम्पिटिसन गर्न लागेको पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङले बताए। प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने उनको भनाई छ। 'सुस्ताएको सांगीतिक क्षेत्रलाई उठाउने प्रयास हो। यसमा व्याण्डले सबै विधामा प्रस्तुती दिन सक्छन्।'-उनले भने।

संघका उपाध्यक्ष टोपबहादुर खत्रीले पोखरा व्याण्डहरुको राजधानी भएकाले त्यहि पुरानो विरासत फर्काउन प्रतियोगिता गरिएको बताए। यसले संगीत सिर्जनामा लाग्न प्रेरणा र दवाब पुग्ने विश्वास व्यक्त गरे।

सचिव भाष्करध्वज श्रेष्ठले कार्यक्रमले एकातिर विद्यालयमा भएका प्रतिभालाई उजागार गर्ने र अर्कोतिर सांगितिक माहोल सृजना गर्न कोशेढुंगा साबित हुने विश्वास व्यक्त गरे। मानसिक स्वास्थ्य सुधार्नपनि कार्यक्रमले सघाउने उनको भनाई छ।

ईन्टर कलेज व्याण्ड कम्पिटिसनमा भोलि डि-मर्चा व्याण्ड, लेकाली व्याण्ड र शान्तराज बज्राचार्यको देउराली व्याण्डको विशेष प्रस्तुती रहने जनाइएको छ। प्रतियोगितामा सहभागि हुने दर्शकलाई नेपाल टेलिकमको सिम निःशुल्क वितरण गरिरहेको छ। कार्यक्रम हुने अवधीभर कार्यक्रम स्थलमा स्टल राखेर दर्शकले काटेको टिकटको आधारमा सिम वितरण भइरहेको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए। प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ। त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, रिदम गिटार, बेस गिटार र उत्कृष्ट ड्रमरलाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने सचिव श्रेष्ठले जानकारी दिए।

# सुनासको १७ औं साधरणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज



ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल आवद्द संस्था सुशासनका लागि नागरिक समाज (सुनास) कास्कीको १७ औं वार्षिक साधारणसभा शुक्रवार पोखरामा सम्पन्न भएको छ। साधरणसभाले सचिव विष्णुप्रसाद अधिकारीले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/०८० वार्षिक कार्यक्रम तथा आर्थिक प्रतिवेदन पारित गरेको छ।

साधरणसभामा शुभकामना मन्तव्य राख्दै संस्थापक अध्यक्ष सुरेन्द्र थापामगरले सुशासन तथा सदाचार प्रवर्धनका संस्थाले महत्वपूर्ण कार्य गरेको वताउनुभयो। उहाँले संस्था अझै प्रभावशाली भएर जनसरोकारका विषयमा वकालत गर्नुपर्ने सुझाव राख्नुभयो। पुर्व अध्यक्ष पुन्य पौडेलले देशमा भ्रष्टाचार वढेको कारण संस्थाको महत्व थप वढेको वताउनुभयो। संस्थाका कार्यक्रम अझै वढाउनुपर्नेमा पौडेलको जोड थियो। सुनासका अध्यक्ष रवीन्द्रनाथ वास्तोलाले सुनास अझै परिस्कृत भएर भ्रष्टाचार विरुद्धको अभियान उभिने प्रतिवद्दता राख्नुभयो। राजनीतिक र प्रशासनिक क्षेत्रमा सुशासन काम राख्न नागरिकको थप खवरदारी आवश्यक रहेको कारण संस्था त्यसतर्फ लाग्ने अध्यक्ष वास्तोलाको भनाई छ। कार्यक्रममा युवा स्वरोज़गार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीले सुशासन र सदाचार सम्वन्धी चेतनामूलक कार्यक्रम विस्तार गर्नुपर्ने सुझाव राख्नुभयो। संस्थाका उपाध्यक्ष सिरोजविजय कोईरालाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा कार्यकारी अधिकृत भानु पराजुलीले संस्था मार्फत भएका कार्यक्रमको उपलव्धीको वारेमा सदस्यहरुलाई जानकारी गराउनुभएको थियो।

सभामा साधरण सदस्यहरुले संस्था अझै सशक्त भएर जनसरोकारका विषयमा नागरिक पैरवी गर्नुपर्ने सुझाव राखेका थिए। २०६५ सालमा कास्कीमा स्थापना भएको संस्था सुनासले गण्डकी प्रदेशमा भ्रष्टचार विरुद्ध विभिन्न सचेतना र दवावमुलक कार्यक्रम गर्दै आएको छ। कार्यक्रम सुनासका पुर्वअध्यक्ष सुन्दर गुरुङ सहित ३५ जना साधरण सदस्यको सहभागी रहेको थियो।

# विद्यालय नाटक महोत्सवमा कुल १५ नाटक मञ्चन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

पोखरामा आयोजित पाँचौ संस्करणको विद्यालय नाटक महोत्सव शुक्रबार सम्पन्न भएको छ। गत भदौ २७ गतेबाट सुरु भएको नाटक महोत्सवमा कुल १५ नाटक मञ्चन भए।

यसरी मञ्चन भएका नाटकमा शिलान्यास, भूत, भोला, कोही किन बर्बाद होस्, अँध्यारामा बाच्नेहरू, खेल्ने बेला खेल्छौं, पढ्ने बेलामा पढ्छौं, कीर्तिपुरको युद्धमा, मुना मदन, पाठशाला, आँधीको मनोरम नृत्य, हिउँ जस्ती गोरी, कर्मको फल, यती, बिर्सन नसकिने मान्छे र मसान थिए। नाटक महोत्सवमा पुगेर ६ हजार भन्दा बढी दर्शकले नाटक हेरेको र ४ सय भन्दा बढी कलाकारले अभिनय मार्फत आफ्नो प्रतिभा प्रस्फुटन गरेको महोत्सव संयोजक एवं आयोजक पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जनाए। 'शिक्षण विधिको रुपमा विद्यालयमा नाटक' भन्ने नाराका साथ महोत्सव आयोजना गरिएको हो। थिएटरले २०७६ मा पहिलोपटक महानगरपालिका स्तरिय विद्यालय नाटक महोत्सव गरेको थियो। त्यसपछि गण्डकी प्रदेशस्तरिय विद्यालय नाटक महोत्सव आयोजना गर्‍यो। लगातार तीन वर्षसम्म प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव आयोजना गरेको थिएटरले यो पटक पोखरा विद्यालय नाटक महोत्सव आयोजना गरेको हो। महोत्सवको लागि प्रमुख सहकार्य पोखरा प्रज्ञा-प्रतिष्ठान गरेको थियो भने गण्डकी प्रज्ञा-प्रतिष्ठान र राइट फर चिल्ड्रेनले सहकार्य गरें। महोत्सवको प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका कार्यालय रहेको थियो। मिडिया पार्टनरका रुपमा पब्लिक फोर के टेलिभिजन रहेको थियो। महोत्सवमा मञ्चन भएका हरेक नाटकलाई प्रोत्साहन स्वरुप १० हजार रुपैयाँ प्रदान गरिएको आयोजकले जनाए। महोत्सवको छेको पारेर 'नाटकलाई विद्यालयहरुले कसरी प्रयोग गर्ने' शिर्षकमा अन्तरक्रिया कार्यक्रम समेत आयोजना भएको थियो।

# 'नेकोस खेलकुद महोत्सव' शनिबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

नेपाल खेलकुद महासङ्घ समाजवादी (नेकोस)द्वारा आयोजित 'नेकोस खेलकुद महोत्सव' शनिबारदेखि सुरु हुँदैछ।

उक्त महोत्सवमा समावेश दस खेलमध्ये योग खेल र स्केटबोर्ड पोखरा रङ्गशालामा सञ्चालन हुने आयोजकले जनाएको छ। शनिबार र आइतबार ती खेल सञ्चालन हुने महासङ्घका अध्यक्ष केशवकुमार विष्टले बताउनुभयो। महोत्सवका अन्य खेल यही असोज २० गतेदेखि २३ गतेसम्म काठमाडौँ, ललितपुर र हेटौँडामा सञ्चालन हुने उहाँको भनाइ छ। महोत्सवमा राष्ट्रिय खेल भलिबल, एथ्लेटिक्स, तेक्वान्दो, कराँते, बि बोइङ, फुलकन्ट्याक्ट कराँते, सेपाकताक्रो, बुद्धिचाल, योग खेल र स्केटबार्ड सञ्चालन हुनेछ। "केही लोकप्रिय र केही आफ्नेलमा परेका खेललाई महोत्सवमा समावेश गरिएको छ", अध्यक्ष विष्टले भन्नुभयो, "खेलाडी र खेल क्षेत्रको विकासमा टेवा थप्न महोत्सव राखिएको हो।" शनिबारदेखि खेल प्रतियोगिता सुरु भए पनि महोत्सवको औपचारिक उद्घाटन भने यही असोज २० गते काठमाडौँमा गरिने भएको छ। पोखरामा सञ्चालन हुने योग खेल र स्केटबोर्डमा देशभरबाट करिब दुई सय जना खेलाडीले भाग लिने जनाइएको छ।

ती खेलका विजेता खेलाडीलाई आइतबार पोखरा रङ्गशालामा हुने विशेष समारोहमा पुरस्कार वितरण गरिने भएको छ। महोत्सवमा हुने सबै प्रतियोगितमा साते प्रदेशको सहभागिता रहने अध्यक्ष विष्टले बताउनुभयो। "कपितय खेलमा खुला रुपमा पनि खेलाडी आउँछन्, सबै खेलमा गरी भण्डै दुई हजार खेलाडीले भाग लिँदैछन्", उहाँले भन्नुभयो, "खेलाडीको यातायातदेखि खानेबस्नेव्यवस्थासबैआयोजकले मिलाउँछ।" पहिलोपटकआयोजना गर्न लागिएको 'नेकोस खेलकुद महोत्सव'लाई बर्सेनि निरन्तरता दिइने आयोजकले जनाएको छ।

महोत्सव सञ्चालनमा भण्डै दुई करोड खर्च लाग्ने अनुमान गरिएको छ। प्रतियोगितामा विजेता हुने खेलाडीलाई नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र गरिने जनाइएको छ। "खेल गतिविधि पनि कम हुने र राज्यको पनि खासै ध्यान पुग्न नसकेका योग खेल, बि बोइङजस्ता खेललाई पनि प्रतियोगितामा समावेश गरिएको छ", अध्यक्ष विष्टले भन्नुभयो, "फुटबल, क्रिकेटजस्ता लोकप्रिय खेलका नियमित प्रतियोगिता भइरहेका हुन्छन्, तिनमा राज्यको पनि लगानी छ, कतिपय खेल त नेपालबाट हराउने चिन्ता छ, तिनको जगेर्ना गर्नु पनि महोत्सवका उद्देश्य हो।"

# बढ्यो...



लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान जारी छ। प्रमुख पौडेलले लामखुट्टेबाट बच्नका लागि काम गर्दा पूरा बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न, सधैँ झुल टाँगेर मात्र सुत्न नगरवासीलाई आग्रह गर्नुभएको छ। उहाँका अनुसार उक्त सङ्क्रमण नियन्त्रणका लागि नगर प्रहरीमार्फत टोलटोलमा डेङ्गीबाट बच्ने सन्देशसहित माइकिङ गर्ने, प्रचारप्रसार गर्ने, वडास्तरमा गठन भएको द्रुत प्रतिकार्य टोलीसमेत परिचालन गरिएको छ। एडिस जातिका पोथी लामखुट्टेको टोकाइबाट हुने यो रोग लाग्दा ज्वरो आउने, असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, टाउको, पेट, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, नाक वा गिजाबाट रगत बग्ने, बेहोस हुने जस्ता लक्षण देखापर्दछ। नेपालमा डेङ्गी सङ्क्रमण देखापर्न थालेको १९ वर्ष भयो। सन् २०२२ मा ५४ हजार ७८ जनामा पुष्टि हुँदा ८८ जनाको मृत्यु भएको थियो।

# मेडिकल सञ्चालक पक्राउ

**पोखरापत्र संवाददाता**
दमौली, १२ असोज

आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई बिरामीलाई भर्ना गरी उपचार सेवा प्रदान गरेको अभियोगमा तनहुँको दमौलीस्थित दुई मेडिकल हलका सञ्चालक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा व्यास नगरपालिका-३ पराशर टोलस्थित प्रजुन थापा मेडिकल हल सञ्चालक ५२ वर्षीया विष्णु कुमारी गरौजा र अनसनचौतारास्थित मित्रता स्वास्थ्य क्लिनिकका सञ्चालक ४५ वर्षीय चन्द्रबहादुर चौधरी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। जिल्ला प्रशासन कार्यालय, व्यास नगरपालिका, स्वास्थ्य कार्यालय, दमौली अस्पताल, जिल्ला प्रहरी कार्यालयलगायतको अनुगमन टोलीले उनीहरुलाई बिहीबार पक्राउ गरेको प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो। प्रजुन थापा मेडिकल हलले क्लिनिक दर्ता गरी फार्मेसीमा बिरामी जाँच गरेको र बिरामीलाई 'इन्जेक्सन'मार्फत उपचार गराएको प्रहरीको भनाइ छ। त्यस्तै मित्रता स्वास्थ्य क्लिनिकले डाक्टर नभएको आफैँ औषधि सिफारिस गरेको, डेङ्गु सङ्क्रमित बिरामीलाई इन्जेक्सन, ट्याब्लेट र एन्टिबोयटिक्सको माध्यमबाट उपचार गराएको प्रहरीको भनाइ छ। उनीहरु विरुद्ध बिहीबार नै तनहुँ जिल्ला अदालतबाट इलाजसम्बन्धी कसुरमा चार दिनको म्याद थप गरिएको छ। आँबुखैरेनी गाउँपालिका-२ डाफटारमा पार्किङ गरी राखिएको रोलरबाट डिजेल चोरी गर्ने दुई जना पक्राउ परेका छन्। चाइना कम्युनिकेशन कन्ट्रक्सन प्रालिको रोलरबाटडिजेलचोरीगरेकोअभियोगमा प्रहरीले बिहीबार दुई जनालाई पक्राउ गरेको हो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउँदा समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुरानो प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग : छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१-५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# अभिभावकविहीन बालबालिकाका लागि बालगृह

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ असोज

तमानखोला गाउँपालिकाले बालगृह सञ्चालनमा ल्याएर अभिभावकविहीन बालबालिकालाई आवासीय शिक्षाको व्यवस्था गरेको छ । गाउँपालिकाले वडा नं ३ को तमान गाउँमा 'तमानखोला बालगृह' सञ्चालनमा ल्याएर पालनपोषण र कक्षा १२ सम्म पढाउने व्यवस्था मिलाएको छ।

सुरुमा ३४ बालबालिका रहेकामा अहिले २७ जना रहेका बालगृह सञ्चालक समितिका संयोजक एवं वडा नं ३ का अध्यक्ष झकबहादुर बुढामगरले बताउनुभयो । गाउँ-गाउँमा पुगेर अनाथ बालबालिका खोजेर ल्याई यहाँ राखेर उनीहरुको पालनपोषण र पढाइको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । अहिले बालबालिको पढाइ राम्रो बन्दै गएको उहाँको भनाइ थियो ।

तमानखोला गाउँपालिका-६ नर्जाखानीका १५ वर्षीय दीपेन्द्र विक हिजोआज तमानखोला बालगृहमा बस्दै आउनुभएको छ । सानै उमेरमा आमा बितेपछि उहाँलाई हजुरबुबाहजुरआमाको जिम्मा लगाइएको थियो । कक्षा ९ मा पढ्ने उहाँ बुढा हजुरबुबाहजुरआमासँग कष्टकर जीवन बिताइरहनुभएको थियो । दीपेन्द्रलाई गत वर्ष गाउँपालिकाले बालगृहमा ल्याएर निःशुल्क पालनपोषण र पढाइ लेखाइको प्रबन्ध मिलाएको छ । घरमा हुँदा राम्रोसँग पढ्न र पेटभरि खाना नपाएको बताउँदै दीपेन्द्रले अहिले दैनिक विद्यालय जाने र पेटभरि खान पाएको बताउनुभयो । सानैमा आमा गुमाउनुभएका दीपेन्द्रले आमाको माया नपाए पनि हजुरबुबा र हजुरआमाको माया भने प्रशस्त पाउनुभयो । अहिले बालगृहमा साथीभाइबाट पनि उत्तिकै माया पाउनुभएको छ । घरमा हुँदा भोगेका दुःख, कष्टलाई दीपेन्द्रले भुल्न सक्नुभएको छैन । घरपरिवारमा हुँदा दुःख पाएको भए पनि अहिले धेरै सहजरूपमा दैनिकी चलेको उहाँको भनाइ थियो । बालगृहमा आफूजस्ता थुप्रै अभिभावकविहीन बालबालिका रहेका भन्दै सबैसँग मिलेर बस्ने गरेको दीपेन्द्रले बताउनुभयो । बेलाबेला गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायतका जनप्रतिनिधि आएर नयाँ र सिर्जनशील काम गर्न प्रेरित गर्ने र आफूहरूको समस्या बुझ्ने गरेको उहाँको भनाइ थियो । अहिले बालगृहमा रहेका बालबालिकासँग एउटै परिवारको सदस्यजस्तै मिलेर बस्ने तथा आवश्यक सामान समयमै पाउने गरेको विकले बताउनुभयो । "म सानै हुँदा आमा बित्नुभएछ, बाजे र बजैले निकै दुःख गरेर मलाई हुर्काउनुभयो, अहिले त अलि ठूलो भएँ, पोहोर सालदेखि गाउँपालिकाका सरहरूले यहाँ लिएर राख्नुभएको छ, बाबाले बिहे गरेर मलाई छाडेर जानुभयो, कहाँ हुनुहुन्छ थाहा छैन । घरमा हुँदा पढ्न मन भए पनि राम्रोसँग पढ्ने वातावरण थिएन", उहाँले भन्नुभयो, "अहिले धेरै सुविधा पाएको छु । पढाइ पनि राम्रो भएको छ, दिनदिनै स्कुल जान पाएको छु, खुसी लागेको छ ।"

तमानखोला गाउँपालिका-२ भयर भोङ्गाकी १४ वर्षीया निता सिर्पाली पनि यही बालगृहमा बस्दै आउनुभएको छ । निताको बुबाको मृत्युपछि आमाले अर्को बिहे गरेर जानुभयो । बुबाआमा नभएपछि हजुरबुबा र हजुरआमासँग बस्दै आउनुभएकी निताले सानोमा निकै दुःखदायी जीवन बिताउनुभयो । अहिले बालगृहमा बस्न थालेपछि उहाँको दैनिकी फेरिएको छ । परिवारको आर्थिक अवस्था निकै कमजोर हुँदा पढ्न लेख्न नपाएको भन्दै अहिले दैनिक विद्यालय जाने र पढाइ सुधार हुँदै गएको उहाँले बताउनुभयो । "घरमा हुँदा कापी कलम किन्ने पैसा पनि हुँदैनथ्यो, घरको सबै काम गर्नुपर्थ्यो, बाजे/बज्यै बुढाबुढी हुँदा काम गर्न सक्नु हुँदैनथ्यो, कहिले स्कुल गइन्थ्यो, कहिले गइन्नथ्यो", निताले भन्नुभयो, "अहिले त सधैँ स्कुल गइन्छ, पहिला खाना लगाउन राम्रोसँग पाइन्नथ्यो, अहिले राम्रो भएको छ, साथी पनि धेरै छन्, खेल्ने, पढ्ने समय हुन्छ । स्कुल पनि नजिकै छ, पहिलेको जस्तो टाढा जानु पर्दैन ।" बालगृह सञ्चालक समितिका संयोजक बुढामगरले भन्नुभयो, "बालगृह सञ्चालन ताका ३४ जना बालबालिकालाई ल्याएर यहाँ राखेका थियौँ, पछि उनीहरूको आमाबुबा कोही विदेश रहेछन्, आएर लगे । अहिले २७ जनालाई राम्रो व्यवस्थापनका साथ लालनपालन र पढाउने काम भइरहेको छ । समय-समयमा विभिन्न सङ्घसंस्थाले पनि सहयोग गर्ने गरेका छन् ।" उहाँले बालगृह गाउँपालिकाको लगानीमा सञ्चालन गरिएको जानकारी दिनुभयो । बुढामगरका अनुसार गाउँपालिकाले तमान गाउँमा घरभाडामा लिएर बालगृह सञ्चालन गरेको छ । बालगृहमा कक्षा १ देखि ९ सम्म अध्ययन गर्ने बालबालिका छन् ।

गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले कुनै पनि बेसहारा बालबालिकाले दुःख नपाउन् भन्ने उद्देश्यले बालगृह सञ्चालन गरेको बताउनुभयो । बालबालिकालाई पालनपोषण गर्ने, १२ सम्म पढाउने र विभिन्न किसिमका सीपमूलक तालिम दिने, रोजगारीको व्यवस्था मिलाउनेलगायत काम गरिने उहाँको भनाइ थियो । पालिकाले 'तमानखोला विकास कोष' निर्माण गरेर बालगृह सञ्चालन गरेको अध्यक्ष बुढामगरले बताउनुभयो । "हाम्रो पालिका अलि पिछडिएको ठाउँमा पर्छ, यसले गर्दा यहाँ थुप्रै चुनौती छन्, त्यसलाई चिर्दै विकास गर्ने हाम्रो लक्ष्य हो, पूर्वाधार विकासका काम त हामीहरूले निरन्तर गर्दै आइरहेका छौँ, पोहोर सालदेखि आमाबाबु गुमाएर बेसहारा बनेका बालबालिकालाई पालिकाले अभिभावकत्व गरी उनीहरूको पालनपोषण र शिक्षादीक्षा दिने कामको थालनी गरेका छौँ", अध्यक्ष बुढामगरले भन्नुभयो, "अहिले बालबालिकामा छुट्टै खालको खुसी देखिन्छ, उनीहरूको खुसीले हामीलाई पनि खुसी बनाउँछ, पढ्न नपाएका बालबालिका अहिले खुसीका साथ पढ्न पाएका छन् । अब उनीहरूलाई सीपसँग जोडेर स्वरोजगार बनाउने योजनामा छौँ ।" बालगृहमा बस्ने बालबालिकाले स्थानीय धन गौ ज्योति माध्यमिक विद्यालयमा अध्ययन गरिरहेका छन् । बालबालिकाको पढाइमा निरन्तर सुधार हुँदै गइरहेको विद्यालयले जनाएको छ ।

# बागलुङमा दोवाको निउरो

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ असोज (रासस)



निउरो यतिबेलाको मौसममा प्रायःको भान्सामा पाक्ने गर्दछ । बागलुङेको भान्सामा भने म्याग्दीको निउरो पाक्ने गरेको छ । लेकाली निउरो स्वादिष्ट हुने भएकाले म्याग्दीको निउरोको माग बागलुङमा उच्च छ ।

बागलुङ बजारका तरकारी व्यापारी शङ्कर रेग्मीले लेकाली निउरोको व्यापार तीन वर्षदेखि गर्न थालेको बताउनुभयो । सिजनमा उहाँले लाखौँको निउरोको कारोबार गर्दै आउनुभएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाको जङ्गलमा पाइने निउरो म्याग्दी सदरमुकाम बेनीबजार पुगेर निउरो सङ्कलनकर्ताबाट खरिद गरी बागलुङ ल्याउने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लाका जङ्गलमा निउरो उत्पादन खासै नभएकाले यहाँ निउरोको माग उच्च हुने गर्दछ । जिल्लामा दोवको निउरोको उच्च माग भएकाले निउरोको व्यापार गर्न थालेको रेग्मीको भनाइ थियो । निउरोको सिजन भएकाले अहिले अन्य तरकारीभन्दा व्यापार बढी हुने गरेको उहाँले बताउनुभयो । "अघिल्लो दिनमा दोवाको जङ्गलमा निउरो सङ्कलन हुन्छ, त्यही मुठा पारिन्छ, भोलिपल्ट बिहानमात्रै बेनीबजार आउँछ, बेनीबाट सोझै बागलुङ ल्याउने व्यवस्था म आफैँ गर्दछु", रेग्मीले भन्नुभयो, "यो सिजनको व्यापार हो, साविक धवलागिरिका अन्य जिल्लामा भन्दा बागलुङमा नै बढी निउरो खपत हुने गरेको छ । अहिले चितवनलगायतका जिल्लाबाट समेत बागलुङमा निउरो आयात भइरहेको छ । तर लेकाली निउरो निकै स्वादिष्ट भएकाले दोवाको निउरोको माग उच्च छ ।" रेग्मीले होलसेल मूल्यमा बागलुङ बजारका एक दर्जन तरकारी व्यापारीलाई दोवाको निउरो बिक्री गर्दै आउनुभएको छ । अहिले दोवाको निउरो होलसेल प्रतिमुठा रू ६५ र खुद्रा प्रतिमुठा रू ८० मा बिक्री हुँदै आएको उहाँले बताउनुभयो । दोवाको निउरो बिहानै तरकारी पसलमा खरिद गर्न नगए नपाइने अवस्था सिर्जना भएको रेग्मीको भनाइ थियो । तीन वर्षयता निउरो खरिद गरेर त्यहाँका सङ्कलकलाई रू आठ लाख रकम भुक्तानी गरिसकेको उहाँले जानकारी दिनुभयो । रेग्मीले अन्नपूर्ण गाउँपालिका-१ दोवा गाउँका स्थानीय मायाकुमारी पुन र शर्मिला पुर्जासहित स्थानीय महिलाद्वारा सङ्कलित निउरोको बजारीकरण गर्दै आउनुभएको छ ।

अन्नपूर्ण गाउँपालिका-१ दोवाका मायाकुमारी पुनले जङ्गलमा पाइने निउरो सङ्कलन गरेर जीविकोपार्जन गर्दै आएको बताउनुभयो । "म्याग्दीका धेरै स्थानमा निउरो पाइने भएकाले बेनीबजारमा निउरोको माग छैन । अहिले बागलुङ बजारमा माग उच्च छ", उहाँले भन्नुभयो, "सिजनको व्यापार हो, निउरो सङ्कलन गर्न जङ्गलमा जानु कष्टकर नै छ, तर यहाँका महिलालाई परिवार पाल्न सहज भएको छ, निउरोको व्यापारले आयआर्जनमा सघाएको छ ।" दोवाको निउरो अन्य स्थानको भन्दा स्वादिष्ट भएकाले बागलुङमा माग बढी भएको भन्दै पुनले म्याग्दीमा बिक्री नगरी बागलुङ पठाउने गरेको बताउनुभयो । अन्नपूर्ण-१ का निउरो सङ्कलनकर्ता शर्मिला पुर्जाले दोवाको निउरोको माग धान्न गाह्रो भएको बताउनुभयो । "म्याग्दीमा निउरोको माग कम छ, बागलुङमा राम्रो मूल्य पाइन्छ, होलसेलमै प्रतिमुठा रू ६० सम्ममा बिक्री हुन्छ", उहाँले भन्नुभयो, "दिनभरि जङ्गलमा टिपेको निउरो मुठा पारेर भोलिपल्ट मात्रै बेनीबजार पठाउने र बेनीबाट सोझै बागलुङ बजार पठाउँदै आएका छौँ । निउरो टिप्न जङ्गल प्रयोग गरेवापत केही राजस्व वन उपभोक्ता समितिलाई तिर्नेछौँ ।" एउटा मुठामा रू १० देखि १५ नाफामा उपभोक्तालाई बिक्री गरिरहेको पुर्जाको भनाइ थियो । निउरो सेवन स्वास्थ्यका लागि फाइदाजनक रहेको स्वास्थ्यकर्मी बताउँछन् । वनजङ्गलमा आफैँ उम्रने भएकाले यसमा कुनै रासायनिक मल वा विषादीको प्रयोग भएको हुँदैन । निउरोमा प्रोटिन, क्याल्सियम, भिटामिन 'ए'लगायतका पोषकतत्व पाइन्छ ।

# पर्यटन प्रवर्द्धनका लागि ढोरपाटनमा उद्योग वाणिज्य महासङ्घको बैठक

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ असोज

पर्यटन प्रवर्द्धन, सम्भावना र लगानी खोज्ने उद्देश्यले ढोरपाटनमा नेपाल उद्योग वाणिज्य महसङ्घको बैठक बस्ने भएको छ ।

महासङ्घका तेस्रो कार्यकारिणी बैठक यही असोज १५ र १६ गते नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षमा बस्ने भएको हो । उद्योग वाणिज्य सङ्घ बागलुङ र ढोरपाटन उद्योग वाणिज्य सङ्घको आतिथ्यतामा बैठक गर्न थालिएको उद्योग वाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो । उहाँ अनुसार बैठकमा महासङ्घका ७० जनाको कार्यसमितिसहित सरोकारवाला निकाय, ढोरपाटन नगरपालिका, निसीखोला र तमानखोला गाउँपालिकाका जनप्रतिनिधिको सहभागिता रहनेछ ।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्ष कार्यालयले समेत समन्वयको भूमिकामा खेल्नेछ ।

"निजी क्षेत्रका उद्योगी तथा व्यवसायी ढोरपाटन आउँदा प्रचार-प्रसारसँगै त्यहाँको नयाँ सम्भावना र लगानीको क्षेको पहिचान हुनेछ", कार्कीले भन्नुभयो, "जिल्लामा पर्यटनको सम्भावना र लगानीका विषयमा अन्तरक्रिया पनि हुनेछ ।" उहाँले देशभरका निजी क्षेत्रका उद्योगी तथा व्यवसायीहरुले ढोरपाटनको विकासमा सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गर्नुभयो । ढोरपाटनमा आवश्यक पर्यटकीय पूर्वाधार, सुविधासम्पन्न होटलसहित अन्य व्यावसायिक योजनासमेत बनाउन यो बैठकले सहयोग पुग्ने उहाँको भनाइ छ ।

"बैठक पर्यटकीय क्षेत्रको विकास, लगानीको खोज, कृषि उपजको बजारीकरणका लागि कोशेढुङ्गा सावित हुनेछ, ढोरपाटनमा आलु र स्याउको पनि राम्रो सम्भावना छ", उहाँले भन्नुभयो । बैठकमा सहभागी हुन आउने उद्योगी तथा व्यवसायीहरू होटल तथा सामुदायिक घरबासमा पाहुनालाई राखिनेछ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालसहित कार्यसमितिले ढोरपाटन क्षेत्रको अध्ययन, स्थालगत अवलोकन र शिकार आरक्ष कार्यालयको भ्रमण गर्ने कार्ययोजना छ ।

सोअवसरमाउक्तटोलीलेप्रसिद्ध ढोरबराह मन्दिरसमेत दर्शन गर्नेछ । ढोरपाटनमा देशभरका उद्योगी तथा व्यवसायीका नेता आउँदा यहाँको गरिमा बढ्ने ढोरपाटन उद्योग वाणिज्य सङ्घका अध्यक्ष ढालेन्द्र छन्त्याललले बताउनुभयो । ढोरपाटन सिकार आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, स्याउ बगैँचा, ढोर बराह मन्दिर, देउराली, निशेलढोर, सिकार आरक्ष कार्यालयको सङ्ग्रहालयलगायत ढोरपाटनमा पर्यटक भुलाउने अनेकौ स्थान रहेकामा तिनीहरूको प्रचार-प्रसार हुने गरी बैठकको आयोजना गरिएको छ । सिकार खेल्नका लागि मात्रै विदेशी पर्यटक आउने ढोरपाटनमा पछिल्लो समय आन्तरिक पर्यटक वृद्धि भएको छ । तर ढोरपाटन पुग्ने सडक र त्यहाँ सुविधासम्पन्न होटलको अभाव छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१२

यस कार्यालयबाट मिति २०७८/०९/२७ मा कास्की जिल्ला पोखरा- १५ कास्कीमा संचालन गर्ने गरि भानु १० तनहुँ निवासी केशमाया गुरुङको नाममा दर्ता भएको फर्म दर्ता नं. २२०३७/०७८/०७९(५३७१) को तनहुँ सोल्टी मःम रेष्टुरेण्ट नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# सूचना प्रविधिको पहुँच भन्दा टाढा छ निसेलढोर

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ असोज

बागलुङको निसेलढोर अहिले पनि सूचना प्रविधिको पहुँचभन्दा धेरै टाढा छ । निसेलढोरमा बस्ने केही नागरिकले सूचना थाहा पाउनका लागि रेडियो प्रयोग त गर्छन् तर त्यति प्रभावकारी भने बन्न सकेको छैन । गाउँमै भएको घटना पनि स्थानीय केही दिनपछि मात्रै थाहा पाउँछन् ।

प्राकृतिकरुपमा सुन्दरताले भरिएको निसेलढोरमा हरेक वर्ष विदेशी पर्यटक आउने गर्छन् । नेपालको एकमात्रै सिकार आरक्ष ढोरपाटन क्षेत्रमा पर्ने निसेलढोरमा टेलिफोन, इन्टरनेट तथा अन्य प्रविधि पुगेको छैन । यसका कारण यहाँका सयौँ नागरिकले टाढा-टाढाको सूचना थाहा पाउन सक्दैनन् । विद्युत्‌को पहुँचसमेत नपुग्दा टुकी र दियालोकै भरमा स्थानीयले रात बिताउँदै आएका छन् । जिल्लाकै उत्कृष्ट पर्यटकीय गन्तव्य मानिने निसेलढोरमा अहिलेसम्म विद्युत् र सूचना सञ्चारविहीन हुँदा आगन्तुक र स्थानीयले सास्ती खेप्नुपरेको छ । निसीखोला गाउँपालिका-५ मा पनि निसेलढोर क्षेत्रलाई विद्युत् र सूचना प्रविधिले जोड्नतर्फ सरोकारवाला निकायले ध्यान नदिएको स्थानीयको गुनासो छ ।

यहाँ कोहीले मोबाइल चलाउन चाहे पनि 'चार्ज' गर्नका लागि विद्युत् र फोन तथा सामाजिक सञ्जाल चलाउन इन्टरनेट अभाव छ । एक दशक अगाडिसम्म उत्तरगङ्गा ढोरपाटन क्षेत्रमा पनि इन्टरनेटको सुविधा थिएन । नेपाल टेलिकमले टावर राखेपछि अहिले ढोरपाटन क्षेत्र भने सञ्चारसँग जोडिएको छ । निसेलढोरमा खास गरी निसीखोला गाउँपालिका-५ निसीका स्थानीय बस्ने गर्छन् । पहिले-पहिले बर्खाको समयमा मात्रै बस्ने गरे पनि सडकले निसेलढोर जोडिएपछि स्थायीरुपमा धेरै नागरिक यहाँ बसोबास गर्दै आएका छन् । फोनले काम नगर्दा अन्य ठाउँमा हुने घटना महिनौँपछि थाहा पाउने स्थानीय रनबहादुर घर्ती मगरले बताउनुभयो । उहाँले निसी गाउँ झर्दा नेटले काम गरेर सूचना आदानप्रदान गर्न पाए पनि निसेलढोरमा बस्दासम्म बाहिरी सूचना थाहा पाउन नसक्ने बताउनुभयो । सरकारले विद्युत् र टावरको व्यवस्था गरी दिएर निसेलढोरमै फोन चलाउन पाइने र सूचना आदानप्रदान गर्न सहज हुने घर्ती मगरले बताउनुभयो । फोनले काम नगर्दा आफूहरूले धेरै समस्या भोग्नुपरेको उहाँ बताउनुहुन्छ । "निसेलढोरमा फोनले काम गर्दैन, बिजुली पनि छैन, बेसी झर्दा त मोबाइल चाँर्ज गर्न सकिन्छ, आफन्तसँग फोनमा कुराकानी पनि हुन्छ तर निसेलढोरमा त्यो सुविधा छैन, तल गाउँमा केही घटना भयो भने महिनौँपछि बल्ल थाहा पाइन्छ", उहाँले भन्नुभयो, "देश विदेशको खबर सुन्न रेडियो राखेको बेटारी (ब्याट्री) सकिहाल्छ, बिजुली छैन, त्यति राम्रोसँग टिप्दा पनि टिप्दैन, निसेलढोरमा केही घटना भएर प्रहरी र तल बेसीका अरु गाउँलेलाई जानकारी गराउन धेरै समय लाग्छ ।" निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जिल्लाकै सबैभन्दा विकट हुँदा अहिलेसम्म इन्टरनेटको व्यवस्थापन गर्न नसकिएको बताउनुभयो । निसेलढोरलाई विद्युत् र इन्टरनेटसँग जोड्नका लागि विभिन्न निकायसँग सहकार्य भइरहेको उहाँको भनाइ छ । अहिले निसेलढोरमा टेलिफोन सेवा सञ्चालनका लागि टावर निर्माणका काम सुरु भएको उहाँको भनाइ छ । निसीखोला गाउँपालिका-६ को चौरीभुजुङ्गीमा नेपाल टेलिकमले टावर निर्माण गरिरहेको अध्यक्ष घर्ती मगरले जानकारी दिनुभयो ।

"निसेलढोर पहिलेदेखिनै राज्यको नजरमा पर्न सकेन, शिकार आरक्ष क्षेत्र पनि यहाँ पर्छ, धेरै विदेशी शिकारी पनि आउँछन्, तर अहिलेसम्म यहाँ विद्युत् र सञ्चारको पहुँच पुगेको छैन, यहाँका धेरै नागरिक विद्युत् र सञ्चारबाट वञ्चित छन्", उहाँले भन्नुभयो, "फोनका लागि टावर निर्माण हुँदैछ, विद्युत् ल्याउनका लागि पहल गरी राखेका छौँ, फोन भए पनि चलाउन पाए भने सूचना आदानप्रदानमा थोरै भए पनि सहज हुनेछ ।" नेपाल टेलिकम बागलुङका प्रमुख केशव शर्माले निसेलढोरलाई लक्षित गरी मोबाइल टावर निर्माण गर्न थालेको बताउनुभयो ।

अहिलेसम्म सञ्चारको पहुँबाट बाहिर रहेका निसेलढोरवासीलाई सञ्चारसँग जोड्ने तीन हजार सात सय ३० मिटरको उचाइमा टावर निर्माण सुरु भएको प्रमुख शर्माले बताउनुभयो । टावर उच्च स्थानमा राख्न थालेको हुँदा यहाँ विद्युत्‌को पहुँच नभएको भन्दै सोलारमार्फत टावर सञ्चालन गर्ने उहाँको भनाइ छ । यस स्थानमा फोरजी चल्ने गरी टावर निर्माण भइरहेको शर्माले बताउनुभयो ।

# मुक्तिनाथमा चहलपहल सुरु

वासुदेव पौडेल
गण्डकी, १२ असोज (रासस)

हिमालपारिको जिल्ला मुस्ताङको मुक्तिनाथमा पर्यटकको चहलपहल बढ्न थालेको छ । शनिबारदेखि सुरु हुने पितृपक्ष (सोह्रश्राद्ध)का लागि विभिन्न स्थानबाट दर्शनार्थी आउने धार्मिक पर्यटकको चहलपहल बढेको हो ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थलका रुपमा रहेको यस मन्दिरमा पितृपक्षका समयमा पितृ उद्धारको कामनाका साथ ठूलो सङ्ख्यामा दर्शनार्थी आउने गरेको मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । मुक्तिनाथमा दर्शन गरेपछि मनोकाङ्क्षा पूरा हुनाका साथै पितृहरूको उद्धार हुने विश्वासका कारण यहाँको महिमा र गरिमा बढेको छ । समुद्र सतहदेखि तीन हजार सात सय १० मिटरको उचाइमा अवस्थित हिन्दू बौद्ध धर्मावलम्बीको साझा तीर्थ मुक्तिनाथलाई हिन्दूले मुक्तिक्षेत्र तथा बौद्धमार्गीले तिब्बती भाषामा छुमिङ ग्यात्सा (जसको अर्थ हुन्छ 'सय पानी')का रुपमा लिने प्रचलन छ ।



मुक्तिनाथ मन्दिर भएका कारण मुक्ति क्षेत्रका रुपमा ख्याति कमाएको यस क्षेत्र हुँदै बग्ने कालीगण्डकीमा पाइने शालग्राम शिलाका कारण पनि यसको धार्मिक महत्व अझै चुलिएको छ । मुक्तिनाथको दर्शन गरेपछि दर्शनार्थीलाई मोक्ष प्राप्त हुने विश्वास रहेको बताउँदै पुजारी सुवेदीले आन्तरिक एवं भारतीय पर्यटकको सङ्ख्या धेरै हुने गरेको बताउनुभयो । सोह्रश्राद्धको समयमा आउने दर्शनार्थीले कागबेनीमा स्नान एवं श्राद्ध गरी मुक्तिनाथको दर्शन गर्दछन् । कागबेनीमा आई मुक्तिनाथमा दर्शन गरेमा पितृहरू मुक्त हुने जनविश्वास रहिआएको छ ।

कालीगण्डकी किनारामा पाइने शालग्रामलाई भगवानको साक्षात स्वरुप मानिन्छ । सोही कारण मुक्तिनाथ मन्दिर आउने दर्शनार्थीले कागवेनी किनारामा उक्त शिला खोजेर घरघरमा पूजाआजा गर्न लैजाने प्रचलन पनि छ । शालग्रामको उत्पत्ति प्रागऐतिहासिक कालमा पाइने किराको जीवाष्मबाट भएको मानिन्छ । जुन मुख्यतः टेथिस सागरमा पाइन्थ्यो । पौराणिक मान्यताअनुसार शालग्राम शिलामा भगवान् विष्णुको निवास हुन्छ । यस सम्बन्धमा विभिन्न किंवदन्ती छन् । एक किंवदन्तीअनुसार भगवान् शिवले जालन्धर नामक असुरसँग युद्धमा जित्न नसकेका अवस्थामा भगवान् विष्णुले उनको मद्दत गरेका थिए । जालन्धरकी पत्नी वृन्दाले आफ्नो सतित्व बचाउँदासम्म जालन्धरलाई कसैले पनि पराजीत गर्न सक्दैनथ्यो । उक्त अवस्थामा भगवान् विष्णुले जालन्धरको रूप धारण गरेर वृन्दाको सतित्वलाई नष्ट गरे भने वृन्दालाई उक्त कुरा जानकारी हुँदासम्म शिवले जालन्धरको बध गरिसकेका थिए । आफ्नो सतित्व नष्ट गरेको आक्रोशमा वृन्दाले भगवान् विष्णुलाई शिला, रुख, झारपात र घाँस भएर जीवन व्यतित गर्नु परोस् भनेर श्राप दिएकी थिइन् । त्यही श्रापका कारण विष्णुले शिला (शालिग्राम), पिपल, तुलसी र कुश भएर जन्म लिनु परेको किंवदन्ती छ । सोह्रश्राद्ध सुरु हुन लागेसँगै यस क्षेत्रमा चहलपहल बढिरहेको मुक्तिनाथको मुख्य प्रवेशद्वार रानीपौवास्थित होटेल ग्रान्ड साम्बालाका सञ्चालक एवं जनप्रिय युवा क्लबका अध्यक्ष सुरज गुरुङले जानकारी दिनुभयो । पर्यटक आगमनको अवस्थालाई दृष्टिगत गर्दै स्थानीय पर्यटन व्यवसायीले उनीहरूको स्वागतार्थ जुटसकेको उहाँले बताउनुभयो ।

रानीपौवा क्षेत्रमा मात्रै विभिन्न सुविधासम्पन्न २६ वटा होटेल सञ्चालनमा आइसकेको जानकारी दिँदै उहाँले हालसम्म डेढ अर्बभन्दा बढी लगानी भइसकेको बताउनुभयो । विशेषतः चैत, वैशाख, जेठ, भदौ, असोज र कात्तिकमा मुक्तिनाथमा ठूलो सङ्ख्यामा दर्शनार्थी आउने गर्दछन् । मनाङबाट थोराङपास हुँदै मुस्ताङ र मुस्ताङबाट सोही मार्गबाट हुँदै मनाङ जाने पर्यटक यही मुक्तिनाथ भएर जाने भएका कारण पनि यो पर्यटकीयरुपमा पनि उत्तिकै महत्वको छ ।

मुक्तिनाथको दर्शनका लागि बर्सेनि ठूलो सङ्ख्यामा बौद्ध धर्मावलम्बी यहाँ आउने गरेको उहाँले जानकारी दिनुभयो । मुक्तिनाथकै बाटो भएर महान् बौद्ध भिक्षु पद्मसम्भव बौद्ध धर्मको प्रचारप्रसार गर्न तिब्बत गएका कारण यस क्षेत्रलाई बौद्ध मार्गीले अत्यन्त महत्वपूर्ण तीर्थस्थलका रुपमा लिने गरेका छन् । मुक्तिनाथमा पूजा गराउन मन्दिरको भित्र बौद्ध धर्म गुरु आनी बस्ने र बाहिर ब्राह्मण पुजारीले पूजा गराउने प्रचलन छ । भारतीय प्रधानमन्त्रीले मुक्तिनाथ दर्शन भ्रमण गरे यता भारतबाट बर्सेनि ठूलो सङ्ख्यामा दर्शनार्थी आउने गरेको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

सोह्रश्राद्ध सुरु हुन लागेसँगै मुस्ताङको सदरमुकाम जोमसोममा चहलपहल बढिरहेको व्यवसायीहरू बताउँछन् । पछिल्ला समयमा जोमसोममा पर्यटक लक्षित सुविधासम्पन्न होटेल पनि धमाधम थपिन थालेको होटेल शालिग्रामका सञ्चालक रविन्द्र सुवेदीले जानकारी दिनुभयो ।

"हामीले पर्यटकको चाहनाअनुसार सुविधा सम्पन्न पूर्वाधारमा जोड दिएका छौँ", उहाँले भन्नुभयो, "मुस्ताङको भ्रमण गर्न आउने पर्यटकले खान, बस्न स्तरीय सेवासुविधा पाउँछन् ।" मुस्ताङमा विस्तारै चहलपहल बढ्दै गएको उल्लेख गर्दै उहाँले यस याममा ठूलै सङ्ख्यामा पर्यटकहरू भित्रने अपेक्षा गरिएको बताउनुभयो ।

# यामाहाले गऱ्यो पोखरामा ए एस पी र स्पेयर पार्ट्स भेटघाट

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज



यामाहाको नेपाल स्थित आधिकारिक बिक्रेता एम ए डब्लुले एएसपी र स्पेयर पार्ट्स मीट गरेको छ, असोज १० र ११ गरी २ दिनको कार्यक्रम पोखरामा गरिएको थियो ।

दुई दिन सन्चालित यस विशेष कार्यक्रममा सबै यामाहाका एएसपी संचालक र स्पेयर पार्ट्स प्रदायकहरू निमन्त्रणा गरिएको थियो जसमा ए एस पी बाट १२० र स्पेयर पार्ट्स बाट १४० गरी २६० जनाको उपस्थिती रहेको थियो । एम ए डब्लुका सिईओ राजु छेत्री समेतको उपस्थिती रहेको उक्त दुई दिनको कार्यक्रममा नेटवर्किङ, ज्ञान साझेदारी र सहकार्यको विषयमा अन्तरक्रिया गरिएको थियो कार्यक्रममा एएसपीका सदस्यहरुलाई बिक्री पछि दिईने सेवा, गुणस्तरिय सेवाको बारेमा तालिम दिईएको थियो भने स्पेयर पार्ट्स इन्चार्जलाई इन्भेन्टरी व्यवस्थापनमा तालिम, सवारी साधनको स्थायित्व र सवारको सुरक्षाका लागि वास्तविक स्पेयर पार्ट्सको प्रयोगको महत्वको बारेमा पनि तालिम दिईएको थियो ।

कार्यक्रम गर्नुको प्रमुख उद्देश्य भनेको एएसपीको नेटवर्कलाई अझै बिस्तार गर्नुका साथै स्पेयर पार्टस बिक्रेताहरुको नेटवर्क पनि अझै अगाडि कसरी लैजान सकिन्छ भन्ने कुराहरुको ज्ञान साझेदारी र सहकार्यको लागि हो त्यसका साथै पोखरालाई घुम्नैपर्ने गन्तव्य बनाउने प्राकृतिक सौन्दर्य र आकर्षणहरू अन्वेषण गर्ने मौका पनि पाउनेछन् भन्ने उद्देश्य लिएर नै यो कार्यक्रम पोखरामा गरिएको हो राजु छेत्रीले बताउनुभयो ।

# व्यावसायिक फार्मका लागि चार करोड अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, १२ असोज

तनहुँका विभिन्न व्यावसायिक फार्मका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामार्फत् अनुदान प्रदान गरेको छ । पशुपालनमा कृषकको आकर्षण बढाउन उक्त आयोजनामार्फत् स्थानीय १३ व्यावसायिक फार्मलाई अनुदान दिइएको हो ।

आयोजनामार्फत १३ व्यावसायिक फार्मले रु र चार करोड ५२ लाख चार हजार पाँच सय १६ अनुदान पाएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । पशुपालन व्यवसाय गरिरहेका कृषकलाई त्यसतर्फ आकर्षित गराउन साझेदारी कार्यक्रमअन्तर्गत अनुदान प्रदान गरिएको केन्द्रका नायब पशु स्वास्थ्य प्राविधिक रुद्रसिं ठकुरीले जानकारी दिनुभयो ।

तेह्र व्यावसायिक फार्मका कृषकले रु चार करोड ५६ लाख ५५ हजार पाँच सय ४५ लगानी गरेको सो केन्द्रले जनाएको छ । अनुदान र निजीसमेत गरी १३ व्यावसायिक फार्ममा रु नौ करोड आठ लाख ६० हजार ६१ लगानी भएको थियो ।

शुक्लागण्डकी नगरपालिका-३ स्थित डायमण्ड अर्गानिक कृषि फार्मलाई रु २४ लाख चार हजार चार सय २२, शुक्लागण्डकी नगरपालिका-६ स्थित जनजागृती कृषि फार्मलाई रु २० लाख १३ हजार तीन सय १२, भिमाद नगरपालिका-९ स्थित दाजुभाई एकीकृत कृषि फार्मलाई रु २४ लाख ९९ हजार नौ सय ९७, व्यास नगरपालिका-२ स्थित गङ्गादेवी बाख्रा फार्मलाई रु २० लाख ४९ हजार नौ सय ९७, व्यास नगरपालिका-६ स्थित अंशुमा बाख्रा फार्मलाई रु २२ लाख ७२ हजार छ सय ८८, बन्दीपुर गाउँपालिका-५ स्थित कुमालटारी कृषि तथा पशु फार्मलाई रु २७ लाख ५२ हजार नौ सय सात, भानु नगरपालिका-३ स्थित कार्की कृषि फार्मलाई रु ११ लाख ७१ हजार दुई सय ५३, भिमाद नगरपालिका-१ स्थित डुम्रीबेसी पशु फार्मलाई रु ३६ लाख अनुदान वितरण गरिएको थियो ।

त्यस्तै व्यास नगरपालिका-१३ स्थित सापकोटा गाई फार्मलाई रु १९ लाख ४९ हजार, शुक्लागण्डकी नगरपालिका-१० स्थित वैशाखेघाट लाइभस्टक प्रालिलाई रु ७५ लाख ३३ हजार ६७, शुक्लागण्डकी नगरपालिका-३ स्थित एलेस कृषि तथा पशु फार्मलाई रु २९ लाख ६२ हजार दुई सय ५०, शुक्लागण्डकी नगरपालिका-११ स्थित आरबिएम कृषि फार्मलाई रु ९४ लाख ९६ हजार छ सय चार र व्यास नगरपालिका-१० स्थित दाजुभाइ गाई फर्मलाई रु ४५ लाख अनुदान वितरण गरिएको थियो ।

त्यस्तै जिल्लाका सात सहकारीलाई परियोजनामार्फत् रु दुई करोड ८३ लाख एक हजार नौ सय ४४ अनुदान वितरण गरिएको थियो । ती सहकारीमा रु आठ करोड ८८ लाख ८४ हजार नौ सय १३ लगानी गरिएको थियो । व्यास नगरपालिकास्थित तनहुँ जिल्ला दुग्ध उत्पादक सङ्घलाई दाना उद्योगका लागि अनुदान दिइएको थियो । त्यस्तै, चिनटुटार दुग्ध उत्पादक सहकारी संस्थालाई दुग्ध उत्पादनका लागि, आँबुखैरेनी गाउँपालिकास्थित छिम्केश्वरी बाखापालन समूहलाई मासु उत्पादनका लागि, मर्स्याङ्दी बहुउद्देश्यीय सामुदायिक सहकारी संस्थालाई मासु उत्पादनका लागि, म्याग्दे गाउँपालिकास्थित उज्यालो बहुउद्देश्यीय सहकारी संस्थालाई मासु उत्पादनका लागि, शुक्लागण्डकी नगरपालिकास्थित शुक्ला कृषि पर्यटन सहकारी संस्थालाई दुग्ध प्रशोधनका लागि र भिमाद नगरपालिकास्थित सूर्योदय कृषि समूहलाई मासु उत्पादनका लागि अनुदान दिइएको थियो ।

# महभिर गाउँ पहिरोको जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, १२ असोज

म्याग्दीको मालिका गाउँपालिका-४ महभिरको बस्ती पहिरोको जोखिममा परेको छ ।

बस्तीमाथिको पाखोबाट खसेको पहिरोले दुई वटा घर भत्किनुका साथै खानेपानी र सडक आयोजनामा क्षति पुगेको छ । वडासदस्य गर्वे गुरुङले काले कामी र तुलबहादुर घर्तीको घर भत्किएको र १३ घर जोखिममा परेको जानकारी दिनुभयो ।

"पहाडको फेदीबाट सुरु भएको दुई वटा पहिरो फेदीमा रहेको रितुङखोला सम्म पुगेको छ", उहाँले भन्नुभयो, "ट्याङ्की, मुहान र पाइपलाइनमा क्षति पुगेकाले २५ घरधुरीले प्रयोग गर्ने खानेपानी आयोजना अवरुद्ध भएको छ ।" फूलबारी-महभिर-च्युरीबोट सडक अवरुद्ध भएको छ । पहिरोले गाउँको बिचमा ठूलाठूला खोल्सा बनाएको छ । खोल्सा छेउछाउको जमिन चिरा चिरा भएको छ । दुई सय रोपनी भन्दा बढी खेतीयोग्य जमिनमा पनि पहिरोले क्षति गरेको छ । गत बुधबार राति आएको पहिरोले तुलबहादुरको गोठमा रहेका एक वटा गाँगो र एक वटा गोरु मरेका थिए । "हामी त्यो दिन घरमा नभएकाले पहिरोबाट बचियो", तुलबहादुर भन्नुभयो, "११ जनाको परिवार आफन्तकोमा आश्रय लिएर बसेका छौँ ।" काले कामीले पहिरोले पुरिएकोबाहेक अर्को ठाउँमा रहेको घडेरीमा पनि पहिरोको जोखिम भएकाले कहाँ बस्ने भन्ने चिन्ताले सताएको बताउनुभयो । पूर्णदेवी घर्ती, सहबहादुर घर्ती, सहबहादुर सुनार, लालबहादुर कामी, तिलक कामी, गोरे कामी, पोविसरा सुनार, वीरबहादुर कामी, मुक्तिराम सुनार, कुलप्रसाद घर्ती, भीमप्रसाद सुनार, रहमन घर्ती र कुमारी घर्तीको घर जोखिममा रहेका वडासदस्य गुरुङले बताउनुभयो । सो ठाउँमा गत हिउँदमा पनि सुक्खा पहिरो खसेर एक वटा घरमा क्षति गरेको थियो । पहिरो प्रभावित क्षेत्रको बिहीबार गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले निरीक्षण गर्नुभएको थियो ।

"पहिरोबाट घरवास गुमाएकालाई जिल्ला प्रशासन कार्यालय मार्फत राहतको व्यवस्था हुन्छ", उहाँले भन्नुभयो, "घर पुनःनिर्माणका लागि तिनै तहका सरकारको साझेदारीमा रु पाँच लाखका दरले अनुदान उपलब्ध गराउने व्यवस्था भएकाले सोहीअनुसार सहयोग गर्छौं ।"

तत्कालीनरुपमा खानेपानी आपूर्ति र सडक मर्मत तथा पहिरोबाट थप क्षति हुन नदिने र दीर्घकालीन रुपमा पहिरो नियन्त्रण तथा बस्ती संरक्षण अथवा स्थानान्तरणको योजना कार्यान्वयन गरिने उहाँले बताउनुभयो ।

# ईन्स्योरेन्स अथाहा सम्भाबनाको क्षेत्र हो: जि.सी.

पोखरापत्र संवाददाता
स्याङ्जा, १२ असोज

सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनी गण्डकी प्रदेशका प्रमुख मिनबहादुर जि.सी.ले ईन्स्योरेन्स (जीवन बीमा) अथाहा सम्भाबनाको क्षेत्र रहेको बताएका छन् । उनले जीवन बीमा समाज सेवाका अलवा आर्थिक विकासको क्षेत्र पनि भएकाले यसको सम्भाबना गणना गर्न सकिने भएकाले अथाहा सम्भाबनाको क्षेत्र रहेको बताए ।

कम्पनीको पुतलीबजार शाखाले आयोजना गरेको बीमा सचेतना तथा सम्मान कार्यक्रममा बोल्दै प्रमुख जि.सी.ले बीमाको बजार प्रसस्त र खुल्ला रहेको समेत बताए । बीमा गराउने समयमा बीमितले आर्थिक समस्या रहेको बताउँने गरेपनि बीमाबाट राम्रो प्रतिफल आउने र अस्तव्यस्त दिनचर्याको सुरक्षा प्रदान गर्न बीमा अनिवार्य भएको उनको भनाई थियो । नेपालमा करिब ४० प्रतिशत नागरिकले जीवन बीमा गरेको स्पष्ट पार्दै जि.सी.ले ६० प्रतिशत बजार खुल्ला रहेको बताए । उनले बीमा गराउने एजेन्सीहरुले आफ्नो प्रतिभालाई ठिक समयमा सहि सदुपयोग गर्न सके आर्थिक क्षेत्रमा थप सफलता प्राप्त हुने दाबी गरे । उनीहरुले अवसरसँगै पेशागत चुनौती थपिदै गएको कुरामा जोड दिएका थिए ।

कार्यक्रममा २०२३ मा एम.डि.आर.टी. बन्न सफल पत्रकार प्रकाश डोटेल, कम्पनीका पोखरास्थित सभागृह शाखाका सिनियर एजेन्सी म्यानेजर सरला आचार्यले बीमा क्षेत्रमा लागेर प्राप्त हुने सफलता र जीवनमा आउने चुनौतीलाई सहजै पन्छाउने सकिने विचार व्यक्त गरे । त्यस अवसरमा सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनी पुतलीबजार शाखामा क्रियाशिल एजेन्सी म्यानेजर तथा सहकारीकर्मी शालिकराम काफ्ले, व्यवसायी पूर्णिमा श्रेष्ठ र राजेश कुँवर लगाएतका वक्ताहरुले बीमाको महत्वका बारेमा समेत बोलेका थिए । बीमा सचेतना तथा सम्मान कार्यक्रममा आर्थिक वर्ष २०७९/०८० मा व्यक्तिगत रुपमा प्रथम बीमा शुल्क संकलनमा उत्कृष्ट कारोबार गरेकोमा प्रकाश डोटेल र समूहगत रुपमा बीमा शुल्क संकलन गर्ने रामप्रसाद लामिछानेलाई सम्मान तथा एजेन्सी म्यानेजरहरुलाई समेत सम्मान गरिएको थियो ।

सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनी पुतलीबजार शाखा कार्यालयको आयोजनामा भएको कार्यक्रमको संचालन र स्वागत कम्पनीका एजेन्सी म्यानेजर अमृत अर्याल र निशा बश्यालले गरेका थिए भने कार्यक्रमको अध्यक्षता शाखाका प्रमुख सुजन पोखरेलले गरेका थिए ।

# परिवार नियोजन संघमा समुदायका अगुवासँग सुरक्षित गर्भपतन बारे अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

नवौ राष्ट्रिय सुरक्षा गर्भपतन सेवा दिवसको सन्दर्भमा नेपाल परिवार नियोजन संघ कास्कीले समुदायका अगुवाहरुसँग अन्तरक्रिया गरेको छ ।

समुदायमा सुरक्षित गर्भपतनको सेवा बारे जानकारी दिने उद्देश्यले कार्यक्रम गरिएको नेपाल परिवार नियोजन संघ कास्की शाखाका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो । उहाँले समुदायसँग सहकार्य र समन्वय गरी संघलाई अघि बढाउने उल्लेख गर्नुभयो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १२ भित्र रहेका टोल विकास संस्था र आमा समूहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा संघका शाखा प्रवन्धक नवराज तिवारीले सुरक्षित गर्भपतनका विभिन्न विषय बारे सहजिकरण गर्नुभएको थियो । कार्यक्रम नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको थियो । पोखरा १२ उपकार मार्ग स्थित नेपाल परिवार नियोजन संघको कार्यालयमा दिनहुँ सुरक्षित गर्भपतन सेवाका लागि सेवाग्राही पुग्ने गरेका छन् । संघले गुणस्तरीय र सर्वसुलभ शुल्कमा सेवा प्रदान गर्दै आइरहेको छ । तत्कालिन अवस्थामा बढ्दो जनसंख्यालाई नियन्त्रण गर्ने उदेश्यले २०१६ सालमा स्थापित नेपाल परिवार नियोजन संघले वर्तमान अवस्थामा आइपुग्दा प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण सेवाहरु प्रदान गर्दै आइरहेको छ । २०५९ असोज १० गते मुलुकी ऐनको ११ औं संशोधनले नेपालमा गर्भपतनले कानूनी मान्यता पाएको छ । नेपाल परिवार नियोजन संघ कास्की शाखाका शाखा प्रवन्धक नवराज तिवारीका अनुसार संघबाट सन् २०२० मा ६५०, सन् २०२१ मा ७८४ र सन् २०२२ मा ८६० जना र पछिल्लो ६ महिनामा ३९२ सेवाग्राहीले सुरक्षित गर्भपतन सेवा लिनुभएको छ ।

विगत केही वर्ष यता सुरक्षित गर्भपतन बारे आमनागरिकलाई सुसुचित गर्न सेप्टेम्बर २८ लाई राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवसका रुपमा मनाउने गरिएको छ ।